जिल्ला विकास समिति

रोल्पा

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९५ (५) तथा विभिन्न निर्देशिका, कार्यविधिका आधारमा तयार पारिएको जिल्ला विकास योजना तर्जुमा सम्बन्धी आधार तथा प्राथमिकता निर्धारण तालिका फाराम (इलाका स्तरीय)

जिल्ला : रोल्पा

इलाका नं. :

विषयगत क्षेत्र :

क्र. सं.	कार्यक्रम/योजनाको नाम	योजनास्थल	क्षेत्र (भवन, सडक, शिक्षा, स्वास्थ्य, कृषि, सिंचाई, खानेपानी, वन वातावरण, पर्यटन, सामाजिक परिचालन	वडाभेलाबाट पारित	गा.वि.स. स्तर ए.यो.त.स.बाट	गाउं परिषदबाट पारित	समावेशी क्षेत्र						क्रमागत		एकभन्दा बढी गा.वि.स., इलाका समेटने	जनसहभागिता हिस्सा	अन्य निकाय, संघ संस्थाको सहभागिता	कम लागतमा बढी तथा छिटो प्रतिफल दिने	आयमूलक आयोजना	स्थानीय श्रोत, सीपको उपलब्धता	वातावरण मैत्री खुल्ला दिशामुक्त क्षेत्र)	मर्मत सम्भार र संचालन	जम्मा अंक	प्राथमिकताक्रम
							महिला	बालबालिका	दलित	जनजाती	पिछडिएको वर्ग	अन्य	२ वर्ष सम्मको	२ वर्ष भन्दा बढी अवधिको										
		अंक भार	१०	२	३	५	६	४	४	३	२	२	७	५	५	१०	५	५	५	५	५	७	१००	
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५

योजना छनौट तथा प्राथमिकीकरण फाराम भर्दा ध्यान दिनू पर्ने कूराहरु :

१) क्र.सं. क्रमबद्ध उल्लेख गर्ने

२) कार्यक्रम वा योजनाको नाम स्पष्टसंग लेख्ने

३) योजना स्थल गा.वि.स. र वडा नं. उल्लेख गर्ने

४) क्षेत्रको मलहमा नम्बर दिंदा इलाका स्तरीय गोष्ठीमा उपस्थित सहभागीहरुले कून क्षेत्रलाई प्राथमिकता दिने भन्ने सम्बन्धमा पहिला निर्णय गर्नूपर्ने त्यसपछि दोश्रो तेश्रो रुपमा क्षेत्रगत प्राथमिकता छूट्याउनू पर्नेछ । सोही आधारमा प्रथम प्राथमिकतामा पर्ने क्षेत्रका लागि १० अंक, दोश्रोका लागि ८ अंक, तेश्रोको लागि ६ अंक, चौथोका लागि ५ अंक, पांचौ प्राथमिकतादेखि तल ४ अंक दिईनेछ ।

५) वडा भेलाबाट पहिलो प्राथमिकतामा आएकोमा २ अंक, दोश्रो प्राथमिकतामा परेको भए १ अंक, तेश्रो प्राथमिकतामा भए ०.५ अंक र त्यसभन्दा तल भए ० अंक हुनेछ

६) गा.वि.स. स्तरीय योजना तर्जूमा समितिबाट पहिलो प्राथमिकतामा परेको भए ३ अंक, दोश्रो भए २ अंक, तेश्रो भए १ अंक चौथो भए ०.५ अंक र सोभन्दा तल ० अंक दिनु पर्नेछ ।

७) गाउं परिषदबाट पहिलो प्राथमिकतामा सिफारिस भए ५ अंक, दोश्रो भए ३ अंक, तेश्रो भए २ अंक चौथो भए १ अंक र सोभन्दा तल ० अंक

८) महल ८ देखि १३ सम्मको समावेशी क्षेत्रमा अंक दिदा महिलाहरुका लागि मात्र, वालवालिकाहरुका लागि मात्र, दलितलाई मात्र, जनजातीलाई मात्र, पिछडिएको वर्गलाई मात्र समेट्ने योजना हुनु पर्ने । समावेशी क्षेत्रका सवैलाई मिश्रत रुपमा समेट्ने भएमा जुन जुन क्षेत्रलाई समेट्दछ सोही क्षेत्रको पूरा अंकको ५० प्रतिशत (आधा) अंक दिईने छ ।

९) महल १४ र १५ मा नम्बर दिंदा अविछिन्न क्रमागत हुनुपर्ने छ । क्रमागत नभएको वा विचमा छुटी पूनः संचालनमा आएकोलाई क्रमागत मानिने छैन ।

१०) महल १६ मा एकभन्दा बढी गा.वि.स. समेट्ने भएमा २ अंक, पूरै इलाका समेट्नेमा ३, अंक, दुईभन्दा बढी इलाका समेट्नेलाई ५ अंक दिईनेछ ।

११) महल १७ मा जनसहभागिता वापतको अंकमा ३० प्रतिशतसम्म जनसहभागिता हुनेमा ३ अंक, ५० प्र.सम्म ६ अंक र ५० प्र.भन्दा माथिकोमा १० अंक प्रदान हुने ।

१२) महल १८ मा अन्य निकायको सहभागिता कूल लागतको ३० प्रतिशत भएमा २ अंक, ५० प्रतिशत भएमा ३ अंक, ७० प्रतिशत भएमा ५ अंक दिईने छ । प्राविधिक सहयोग भएमा २ अंक दिईने छ ।

१३) महल १९ कम लागतमा छिटो प्रतिफल दिने महलमा उत्पादनमुलक, आय आर्जन हुने, योजना सम्पन्न भएको ६ महिना भित्र प्रतिफल प्राप्त हुने भएमा ५ अंक, ६ महिना भन्दा पछि १ वर्ष भित्र प्रतिफल दिने भएमा ४ अंक, १ वर्ष भन्दा पछि २ वर्ष भित्र प्रतिफल दिने भएमा ३ अंक र २ वर्ष भन्दा पछि प्रतिफल दिने भएमा २ अंक दिईनछ ।

१४) महल २० मा आयमुलक आयोजना भन्नाले कृषि, सिंचाई, सीपमूलक तालिम, उद्योग, आदि आय आर्जन हुने जनताको आर्थिक विकासमा टेवा पुग्ने खालका योजना बुझ्नु पर्नेछ ।

१५) महल २१ स्थानीय श्रोत सीपको उपब्धता महलमा योजना संचालनका लागि आवश्यक पर्ने सम्पुर्ण निर्माण सामग्री, दक्ष, अर्धदक्ष मिस्त्री, ज्यामी सवै स्थानीय स्तरमा उपलब्ध हुने भएमा ५ अंक, स्थानीय सामग्री (ढुंगा, गिट्टी, वालुवा, काठ आदि) मात्र उपलब्ध हुन मिस्त्री उपलब्ध नहुने भएमा ४ अंक, सवै सामग्री वाहिरबाट लैजानु पर्ने भएमा २ अंक दिईनेछ ।

१६) महल २२ मा वातावरण मैत्री महलमा वन संरक्षण, नदि नियन्त्रण, वृक्षारोपण, खानेपानी तथा सरसफाई, कृष, शौचालय निर्माण, जस्ता योजना भएमा १० अंक, सिंचाई, चेतनामुलक, शिक्षा, स्वास्थ्य, जस्ता कार्यक्रम भएमा ८ अंक, वातावरण नविगार्ने खालका योजनाहरु भएमा ५ अंक र वातावरण विगार्ने, प्रदूषण फैलाउने कार्यक्रम भएमा अंक ० दिनु पर्नेछ ।

१७) महल २३ मा मर्मत सम्भार संचालन महलमा योजनाको लागतको २० प्रतिशतसम्म रकमको मर्मत सम्भार कोष राख्ने भएमा ७ अंक, १० प्रतिशत राख्ने भएमा ५ अंक, ५ प्रतिशत सम्म राखेमा ३ अंक र मर्मत सम्भारका लागि कुनै कोष खडा नगरेमा वा मर्मत सम्भारको जिम्मा नलिएमा अंक ० दिईनेछ ।

१९) महल क्षमता विकास तथा चेतनामुलक योजना महलमा क्षमता विकास पनि हूने र चेतनामुलक समेत भएमा ..... अंक, क्षमता विकास मात्र वा चेतनामुलक मात्र भएमा ..... अंक दिनु पर्नेछ ।

२०) महल २५ मा प्राथमिकताक्रम विषयगत क्षेत्र अनुसार तथा इलाका स्तरको प्राथमिकता तोक्नु पर्नेछ ।

२१) पिछडिएका वर्ग भन्नाले सामाजिक, आर्थिक हिसाबले पछाडी पारिएको अति गरिब तथा विपन्न वर्गलाई समेत बूझाउने छ ।

२२) माथि उल्लेखित आधारहरुको पुष्टि गर्नका लागि प्रमाणको आवशयकता पर्ने जस्तै : माग निवेदनपत्र, उपस्थिति, जनसंख्या, तथ्यांक, प्रतिवद्धतापत्र आदि

२३) इलाका स्तरबाट योजनाहरुको प्राथमिकता क्रम निर्धारण गरी विषयगत समितिमा सिफारिस गर्दा प्रत्येक विषयगत समितिमा पर्ने गरी बढीमा ७ वटा सम्म योजना सिफारिस गर्न सकिनेछ ।

२४) योजना माग गर्दाको उपस्थिति, निर्णय पुस्तिका संलग्न हुनु पर्ने ।